# *एकान्त भिड* कवितासङ्ग्रहमा श्यामव्यङ्ग्य

सुदेश सत्याल*

**लेखसार**

*प्रस्तुत लेखमा अमृतद्वारा लिखित 'एकान्त भिड' कवितासङ्ग्रहमा प्रयुक्त श्यामव्यङ्ग्यको बारेमा अध्ययन गरिएको छ । समकालीन नेपाली कविता परम्परा (२०४६–२०७९) मा अपनाइएका विविध विषयवस्तुमध्ये श्यामव्यङ्ग्यको विशिष्ट महत्त्व रहेको देखिन्छ । विशेषतः आख्यान र नाटकमा सशक्त बनेर देखा परेको श्यामव्यङ्ग्य पछिल्लो समय कवितामा पनि सशक्त भएर देखा परेको छ । राज्यको व्यवस्था, राजनीति, नेतृत्व वर्गमा देखिएको विचलनले गर्दा कविहृदय प्रतिरोधी चेतनाको संवाहक बन्न पुग्दछ । नाम मात्रको परिवर्तनले वाक्क भएर प्रदूषित बन्न पुगेको सामाजिक व्यवस्थाप्रति अभिव्यञ्जनात्मक ढङ्गबाट सचेतनाको शङ्खघोष गर्नु लेखकीय कर्तव्यव्यापार हो । यही परिवेशमा लेखिएका अमृतका कवितामा गालीगलोज, घोचपेचभन्दा पर पुगेर सङ्गत असङ्गत युगीन व्यङ्ग्य र स्वैरकाल्पनिक अभिव्यञ्जनाको आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी**

स्वैरकल्पना, एकान्विति, श्यामव्यङ्ग्य, बिम्बप्रतीक ।

## विषयपरिचय

अमृत नेपाली कविता परम्परामा आधुनिक कालअन्तर्गत समकालीन काव्यपरम्पराका हस्ताक्षर हुन् । *एकान्त भिड* २०७८ उनको पहिलो कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा देश, समाज, भावना, प्रेम यी चार तहमा शीर्षकीकरण गरी 'देश' शीर्षक खण्डमा एघार ओटा, 'समाज' शीर्षक खण्डमा तेह्र ओटा, 'भावना' शीर्षक खण्डमा चौँतिस ओटा र 'प्रेम' शीर्षक खण्डमा एक्काइस ओटा कविताहरू समेटिएका छन् । यस कृतिमा कवि अमृतले सुललित पदलालित्यका माध्यमबाट समाजका विसङ्गत पक्षको खोतलखातल गर्ने जमर्को गरेका छन् भने समाजमा दैनन्दिनी रूपमा घटेका सुखदुःख, मोहविमोह, सरलजटिल जस्ता पक्षहरूको एकान्विति गर्न श्यामव्यङ्ग्यको सहारा लिएका छन् । अर्कातर्फ पूर्वाग्रहको सीमाभन्दा पर पुगेर कलामय ढङ्गबाट व्यङ्ग्यवाण प्रहार गरी कवितालाई जीवन्त बनाउन खोजिएको छ । मानवचेतनाका आविष्कारमा राजनैतिक परिवर्तनको महत्त्वपूर्ण भूमिका रहन्छ । बलिदानीका उपलब्धिले समाजमा बहुआयामिक सभ्यता र संरचनाको

* नेपाली विषयमा दर्शनाचार्य तहमा अध्ययनरत ।

निर्माण गर्दछ । प्रत्येक चेतनामा नवीन बीज रोप्ने परम्पराको निर्माणले देशमा उथलपुथल हुन्छ । गत्यात्मक शृङ्खलामा अवरोध सिर्जना गरियो भने कविमनमा पनि स्वभावतः मर्मभेदी व्यङ्ग्यवाणले प्रभुत्व जमाउँछ । त्यसैले कवि अमृत पनि समाजमा यिनै भएगरेका भोगाइका उथलपुथलले श्यामव्यङ्गीय चेतना काव्यात्मक तहबाट अभिव्यक्त गर्दछन् । यस लेखमा श्यामव्यङ्ग्यको सैद्धान्तिक मान्यतामा आधारित भई *एकान्त भिड* कवितासङ्ग्रहको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## अध्ययनको विधि

श्यामव्यङ्ग्य पछिल्लो समय आख्यान, नाटकमा मात्र नभएर कवितामा पनि विकसित भएको साहित्य सिद्धान्त हो । यस अध्ययनमा श्यामव्यङ्ग्यलाई मुख्य आधार बनाई अमृतद्वारा लिखित *एकान्त भिड* कवितासङ्ग्रका कविताको विश्लेषण गरिएको छ । प्रस्तुत लेख तयार पार्न अमृतको कवितासङ्ग्रहलाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने यससँग सम्बन्धित पूर्वाध्ययन र अन्य सामग्रीलाई द्वितीय सामग्रीको रूपमा प्रयोग गरिएको छ । यो लेख तयार पार्ने क्रममा पाश्चात्य साहित्यमा बीसौं शताब्दीमा प्रचलनमा आएको श्यामव्यङ्ग्यलाई आधार मानी विश्लेषण गरिएकाले यो लेख निगनात्मक अध्ययनविधिमा आधारित छ भने कविताको विश्लेषणका क्रममा कतै आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ ।

## श्यामव्यङ्ग्यको सैद्धान्तिक आधार

अङ्ग्रेजीको ब्ल्याक सटायरको नेपाली पर्यायवाची शब्द श्यामव्यङ्ग्य हुन्छ । श्यामव्यङ्ग्यलाई तमोव्यङ्ग्य पनि भन्ने गरिन्छ । बीसौं शताब्दीको मध्यतिर साहित्यमा देखा परेको आधुनिक नवीनतम प्रवृत्ति श्यामव्यङ्ग्य अस्तित्ववादी विसङ्गतिवादी साहित्यिक चिन्तनसँग पनि सम्बन्धित छ साथै अतियथार्थवादी साहित्यिक चिन्तन र चित्रकलासँग पनि श्यामव्यङ्ग्यको निकटता रहेको पाइन्छ । श्यामव्यङ्ग्यको विशेष प्रयोगक्षेत्र कथा, उपन्यास र नाटक रहेको देखिन्छ (लुइटेल, २०५७, पृ. ५८-५९) । विशेषतः बीसौं शताब्दीका पश्चात्य साहित्यका चिन्तकहरूले प्रतिपादन गरेका श्यामव्यङ्ग्यात्मक दृष्टिकोण मान्छेका भूमिकाद्वरा निर्मित आरोह, अवरोहको मनोविनोदमय व्यञ्जनाधर्मी नवीन प्रवृत्ति हो । आख्यान र नाटकमा बढी केन्द्रित रहेको श्यामव्यङ्ग्य पछिल्लो समय कवितामा पनि सशक्त हुँदै आएको देखिन्छ । कवितामा विशेषतः कलात्मक सुन्दरताको वैचित्र्य हुने भएकाले आख्यान र नाटकमा भन्दा श्यामव्यङ्ग्य काव्यविधामा अझै प्रभावकारी हुन सक्दछ । श्यामव्यङ्ग्यमा खराब घटनालाई तदनुकूल खराब पात्रकै माध्यमबाट जीवन्त बनाइन्छ भने सही घटनालाई तदनुकूल सज्जन पात्रका माध्यमबाट प्रस्तुत गरिन्छ । विशेषतः श्यामव्यङ्य स्वैरकल्पनाको समुचित लालित्यबाट भित्तै पुऱ्याएर छेदन गर्ने शक्तिशाली कलात्मक शिल्प हो । सामान्यतः अन्य व्यङ्ग्यमा मान्छेमा वैमनस्य उत्पन्न गराउने गालीगलोज र घोचपेचको भाषा प्रयोग भएको देखिन्छ भने त्यसभन्दा पृथक् ढङ्गाबाट प्रस्ट रूपमा सन्देश प्रस्तुत नगरीकन व्यङ्ग्यविनोद गर्ने मनोहारी चिन्तन नै श्यामव्यङ्ग्य हो । काफ्काका कथा र अस्तित्वबादी दर्शन, सार्त्र तथा गुन्टर ग्रासका उपन्यासहरू, जेनेका नाट्य कृतिहरू, कुर्त भेनेगटका भविष्यसूचक कृतिहरू आदिमा श्यामव्यङ्ग्यको सफल प्रयोग भएको पाइन्छ (लुइटेल, २०५७, पृ. ५९-६०) । यसले हास्यको सहारा नलिई पनि व्यङ्ग्य भाव सशक्त रूपमा प्रस्तुत गर्न सक्दछ । सामान्यतया अन्य व्यङ्ग्यको सुधारको सन्देशभन्दा पर पुगेर समाजमा विद्यमान विसङ्गत पक्षहरू खोतलेर जे हो त्यही स्वरूपमा उदाङ्ग बनाइदिनु यसको विशेषता हो । श्यामव्यङ्ग्यले सङ्गत असङ्गत, आदर्श-यथार्थ, आशा-निराशा,

संयोग-वियोग, आरोह-अवरोह, ठुलो-सानो, मानव-दानव, हासो-रोदन, सकारात्मक-नकारात्मक जस्ता हरेक दिन भोगिने परिघटनाहरूको वास्तविक चित्र उतार्दछ । यसरी हेर्दा समाजका गलत पक्ष मात्रै नभईकन सकारात्मक पाटोलाई पनि उजागर गरी व्यञ्जनामयी तबरबाट प्रहार गर्नु यसको ध्येय हो । कुनै पनि पूर्वाग्रह नराखीकन लालित्यपूर्ण तरिकाले व्यङ्ग्य गर्ने नवीनतम प्रविधि नै श्यामव्यङ्ग्य हो । यो साहित्यिक अस्त्रलाई अझै धारिलो बनाउनका लागि मिथक, स्वैरकल्पना, परिकल्पनाको प्रयोग गरिएको हुन्छ । यथार्थको धरातलबाट युगका विभिन्न परिस्थितिप्रति काल्पनिक सौन्दर्यद्वारा प्रहार गर्नु यसको शक्ति हो । त्यसैले समाजमा घटेका विभिन्न घटनाहरूलाई बिम्बात्मक माध्यमबाट श्यामव्यङ्ग्यको पक्षपोषण गरिन्छ । स्वैरकल्पनाको प्रयोग गर्दा विशेषतः बिम्बप्रतीकका माध्यमबाट श्यामव्यङ्ग्यलाई सशक्त बनाउन खोजिएको हुन्छ । अर्को शब्दमा भन्दा सामाजिक, सांस्कृतिक अन्तर्विरोधमाथि मनोविनोद शैलीमा व्यङ्ग्य गर्नुलाई श्यामव्यङ्ग्य वा असित व्यङ्ग्य भनिन्छ । अतः गल्तीका आयामहरूमाथि झट्का उत्पन्न हुने व्यङ्ग्य गर्नु श्यामव्यङ्ग्यको विशेषता हो (आचार्य, २०७८, पृ. ५६) । अतः समाजका प्रतिनिधिमूलक घटना र पात्रचरित्रको विसङ्गत पक्षको मुटु नै छेदन गर्ने गरी भन्नु यस साहित्यिक चिन्तनको महत्त्वपूर्ण सामर्थ्य हो । आख्यान र नाटकमा विशेष प्रयुक्त श्यामव्यङ्ग्य कवितामा अलि कम प्रयोग भएको सिद्धान्त हो । यस लेखमा *एकान्त भिड* कवितासङ्ग्रहमा प्रयुक्त कविताहरूमा सङ्गत-असङ्गत युगीन व्यङ्ग्य र स्वैरकाल्पनिक व्यङ्ग्यका आधारमा विश्लेषण गरिएको छ ।

## सङ्गत र असङ्गत युगीन व्यङ्ग्य

अमृतद्वारा लिखित *एकान्त भिड* कवितासङ्ग्रहका कवितामा एउटै मुहारमा व्याप्त अँध्यारो र उज्यालो पक्षलाई उजागर गरिएको छ । देशको व्यवस्थामा देखिएको उतारचढाबले गर्दा आम नागरिक कसरी बाँच्न विवश छन् भन्ने परिस्थितिको सामना कवितात्मक बान्कीहरूले ठाउँठाउँमा गरेका छन् । मानव स्वतन्त्रताको अस्तित्वरक्षाका लागि उचालेको बन्दुकको निशाना गलत ठाउँमा परे जस्तो भएपछि एकाएक आक्रोशका आँधी मडारिने सङ्केत कविताको ध्येय बन्न पुगेको छ । द्वन्द्वको चपेटामा परी लामो समयपछि प्राप्त शान्ति पनि मानव समुदायसँग अन्योन्याश्रित बन्न नसक्दा द्वन्द्व र शान्ति एकैसाथ कवितामा यसरी अभिव्यञ्जित भएको देखिन्छ :

शासकलाई भोकको द्वन्द्व कस्तो हुन्छ थाहा छैन
न पैतालाको फोको फुटेको दुःखै थाहा छ
न त बालबच्चाको क्रन्दनको अनुभव नै छ
उसलाई केही केही थाहा छैन
अचेल रित्ता रित्ता छन् देशका बाटाहरू
मात्र उसलाई थाहा छ
आफ्नो कुर्ची वरिपरि घुमेर
अगरबत्ती बालेर आदेश दिने तरिका ! (पृ.११)

भोक र गरिबीको अन्त्य गरी समुन्त समाजको परिकल्पना गर्न बन्दुकको सिरानी हालेर निदाएकाहरू पछि गएर भोकको कथा बिर्सिएको वस्तुगत यथार्थ मानव समुदायको आँखामा झलझली छ । आशाको ज्योति बाल्न भनेर निस्केकाहरू नै निराशारूपी अन्धकार छरिरहेको यथार्थको एकान्वितिपूर्ण प्रस्तुतिले कविताको श्यामव्यङ्गीय चमत्कार प्रभावोत्तेजक बन्नपुगेको छ । बालबच्चाको क्रन्दनको पक्षमा वकालत गर्नेहरू नै आखिर बालबालिकाको सुनौलो भविष्यको पक्षमा मौन रहनु, सबै थाहा भएर पनि केही थाहा नभए जस्तो गर्नु शासकीय प्रवृत्ति बनेको देखिन्छ । यही

सत्यको वकालतले एउटै शासकभित्र रहेका सङ्गत र असङ्गत ध्रुवको सान्दर्भिक उद्घाटन यस साक्ष्यमा अभिव्यक्तिएको छ। सत्य, न्याय र निष्ठाको पक्षमा उभिने हिमायती पछि गएर मात्र चाकरी र चाप्लुसीको पक्षधर बन्दै गरेको दृश्यले श्यामव्यङ्ग्यको आधारलाई अझ सशक्त बनाएको छ। कवितामा देशको स्वतन्त्रताको अस्तित्व धमिलिएको परिकल्पना यसरी गरिएको छ :

भलै आफैलाई मारेर भए पनि
जे जसो देश बचाएकै थियौँ
र त
हामीसँग गर्वको झन्डा फरफराइरहेको थियो
ए, हजुर !
आज के त्यस्तो गर्नुभो ?
यो आँधीजस्तो वेगले यो झन्डा फहराउन सकेको छैन
किन निदाइरहेछ स्वतन्त्र झन्डा
हामीलाई बताइयोस्
फेरि हामी झन्डा ब्युँताउन हाजिर छौँ। (पृ.१५)

व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देशको स्वाभिमानको पक्षमा उभिने राष्ट्रभक्त सिपाही अब हराउन खोजेको देशको स्वाभिमान फिर्ता ल्याउन आफू फेरि उही ढङ्गमा जाग्ने सङ्केत गर्दछ। त्यत्रो त्याग र बलिदानले फहराएको देशको ध्वजा भ्रामक क्रान्ति र नाराले अस्तित्वहीन बन्दै गरेको अवस्थाको चित्रणले झन्डाको सङ्गत र असङ्गत पक्षको उद्घाटन गरिएको छ। देशको अस्तित्व डुबाएर सत्तास्वार्थमा लिप्त बनेकाहरूलाई झक्झक्याउने काम कवितामा प्रस्तुत गरिएको छ। झन्डा आखिर झन्डा मात्र नभएर देशको सार्वभौम सत्ता भएकाले झन्डाको माध्यमबाट स्वाधीनता र पराधीनता सँगसँगै आउनुले श्यामव्यङ्ग्यप्रधान बान्की यस साक्ष्यमा झल्किएको छ। देश छोड्दाको अनुभूति र शिक्षाका लागि गाउँ छोड्नुपर्दाको परिस्थितिलाई कवितामा यसरी प्रस्ट पार्न खोजिएको छ :

उहिले कलेज पढ्न सहर झर्दा गाउँ सम्झिएको थिएँ
अहिले देश छोडेको छु
गाउँ छोड्दा मान्छे उनै थिए
भेषभुषा उही थियो
देश छाड्दा पनि मान्छे उनै थिए
तर सबै भिन्न थिए
म एक्लो अवाक् थिएँ। (पृ. १६)

ज्ञान प्राप्तिका लागि गाउँ छोडी सहर पस्नु र आफ्नो परिवार पाल्न देश छोडी प्रवास जानुपर्ने बाध्यता निर्माण हुनुले उज्यालो र अँध्यारो स्वरूप एकै मुहारमा प्रकट भएको छ। शिक्षाका लागि सहर जाँदा मनमा आएको उर्जा भने बिदेसिनुपर्दा पीडादायी बन्नपुगेको छ। एउटै व्यक्तिभित्रको उर्जाशील र पीडामयी चैतन्यको प्रभावले कवितामा श्यामव्यङ्ग्यात्मक चेतना सबल बन्न पुगेको छ। मान्छेले जीवनमा बिछोडका अनेका आयामसँग पौँठेजोरी गरे पनि आफ्नो सामान्य जीवनगुजाराका लागि जन्मधर्तीको काख बिर्सेर परदेशको हिलामा गाडिन विवश बन्नुपरेकाले कवितामा युगीन परिवेशको खुला ढङ्गबाट श्यामव्यङ्ग्यात्मक रङ्ग कोरिएको छ। सत्ताधारीको विचलित मुहारलाई कवितामा यसरी उनिएको छ :

म सोची बस्छु
मेरा विचारहरू

तिम्रो कायरतामा किन यसरी स्खलित भए ?
तिम्रा रहरका भऱ्याङहरू
सिद्धान्तका भयहरू
मुक्तिका सिमसारहरू
इच्छाका सिंहदरबारहरू
मात्रै यतिमा युगका जवान चिन्तन
कसरी स्याल बनी गर्जिरह्यो ? । (पृ.३५)

जवान सोचहरू पनि जब एकाएक काँतर बन्न थाल्दछन् त्यसपछि सत्ता सिद्धान्तको गीत मात्रै गाएर बस्छ, मुक्तिकामी पाइला सिमसार जमिन जस्तो बन्न पुग्दछ, सिंह जस्तै गर्जिने इच्छा स्याल जस्तो गरी हुइयाँ मच्चाउँछ । सत्ताधारीले बाटो बिराउँदा त्यसका असली कार्यकर्ताले पनि आखिरमा गएर बाटो बिराउन पुग्छन् । सिद्धान्तका पहरेदारहरू सिद्धान्तमा नै च्यूत भएपछि जवान र वीर सोच पनि कायरतामा परिणत हुन्छन् । नेतृत्व र कार्यकर्ता दुवैमा देखिएको विचलनले दुवैका सही-गलत प्रवृत्तिमाथिको साक्ष्यमा एकान्वितिपूर्ण बनी श्यामव्यङ्ग्यात्मक तहबाट उदाङ्गिएका छन् । सहरको वास्तविक चित्रलाई कवितामा यसरी उतारिएको छ :

पत्तै नपाई विश्वास कहिले टुट्ने हो
सँगै हिँड्ने छायाँ कहिले छुट्ने हो
हिँड्दै जादा बिसाइ मार्ने चौतारीको
सुस्केरा सुन्ने कुनै साँझको झल्को छैन
सहरमा जून उदाउने कुनै साँझको झल्को छैन
यदि उदाइहाले पनि
सहरमा जून हेर्ने कुनै बार्दली छैन । (पृ. ६३)

यो सहर जो छ कुनै समयमा गाउँ नै थियो । ग्रामीण जीवनको सौन्दर्यलाई बिर्सेर मानिस सहरिया भएपछि डेरा गरी बस्ने जीवनको वास्वविकतालाई कवितामा उजिल्याउन खोजिएको छ । विश्वासको सम्बन्धमा अडिएको मानव जीवनमा विश्वासकै तारहरू दिनानुदिन टुट्दा छन्, थकाइ र दौडधुपले अतालिएको सहरिया मानव आनन्दको बिसाइका लागि भौँतारिएको छ । खुसी र शान्तिका लागि जतिसुकै दौडिए पनि पीडा र व्यथाले नै जीवनलाई थिचिरहेको छ । यदि कतै खुसी आइहाले पनि खुसी साट्ने समय र सद्भावको खडेरी छ । बार्दलीबाट देखिने खुसीको संसारलाई गगनचुम्बी महलले छेक्दछन् । डेराको सानो परिसरमा हराएको जीवनमा सद्भावको क्षेत्रफल पनि साँघुरिएको छ । यसरी सङ्गतिपूर्ण समाजमा असङ्गतिपूर्ण बन्दै गएको सहरको युगीन तस्वीर एकान्वितिमय रूपमा कवितामा खिचिएको छ । समय र मान्छेको एकान्वितिपूर्ण स्वभावलाई कवि यसरी केलाउँदछन् :

समय आफ्नो कारखानामा
बेलगाम कुदिरहेछ
मान्छे बेलाबखत लगाम लिएर
डाहोऱ्याउने दुस्साहस गरिरहेछ
समय समानन्तर आँखाले जो देखिरहेछ
मान्छे विभेदको आँखाले दास बनाउन खोजिरहेछ । (पृ. ४२)

समयले समान ढङ्गबाट समस्त मानवजातिलाई व्यवहार गरे तापनि मान्छे भने मान्छेलाई नै विभेदपूर्ण आचरण गर्दछ । समय बेलगाम कुदिरहे पनि मान्छे विवेकको लगाम लिएर कुदिरहेको

हुन्छ । समयका लहरले मान्छेलाई मार्गनिर्देशनका किरणहरू छरिरहे पनि त्यसको बेवास्ता गरी मान्छे पथभ्रष्ट भएर जीवनलाई अन्धकारतर्फ धकेलिरहेको यथार्थ कविताको युगीन अभिव्यञ्जना हो । घाम उदाउँदा होस् कि जून, जुनसुकै बखतमा समयले समान रूपले व्यवहार गरेको भए पनि मान्छे भने झन् समानताको प्रत्याभूति दिलाउनुपर्ने नाउँमा असमानताको खाडल खनिरहेको छ । यसरी समय र मान्छेबिचको वैपरीत्य सम्बन्धलाई कवितामा प्रहार गरी श्यामव्यङ्ग्यात्मक सौन्दर्यको निर्मिति गरिएको छ । मान्छेभित्र हुर्किरहेको भाइरस प्रवृत्तिमाथि कवि यसरी कटाक्ष प्रस्तुत गर्दछन् :

तिमी अनौठो नमान
म भाइरस नै भाइरसले भरिएको
मान्छे नामक भाइरस हुँ
मेरो भौतिक इच्छाले भरिएको
इन्द्रियशून्य जगत्भरि रवाफ नै रवाफ छ
इन्द्रियवशमा राखेर ताण्डव मच्चाउने
म त्यो झुर मुनि हैन । (पृ. ७९)

प्राणीजगत्लाई दुःख दिइरहेका जति पनि भाइरसहरू छन् तिनीहरूभन्दा पनि मान्छेभित्र रहेका खराब प्रवृत्तिहरू खास भाइरस हुन् । आखिर मान्छे भन्नु नै भाइरसको पर्यायवाची हो भन्ने खालको भाष्य निर्माण भएको छ । भौतिक इच्छाको फेरो समाएर अगि बढेको मान्छेको प्रवृत्ति रवाफ नै रवाफले भरिपूर्ण छ । जितेन्द्रिय बनेर सृष्टिको सुन्दरतामा अझै कला भर्नुपर्ने ठाउँमा इन्द्रियशून्य जस्तो भएर जिउनुले भाइरसभन्दा खतरापूर्ण चरित्र मान्छेमा रहेको भन्ने धारणा कविको देखिन्छ । इन्द्रियनिग्रह गरेर बस्ने मुनि झुर हुन् भन्ने मान्यताले मानवीय चरित्र कति भ्रष्ट भएको छ भनी कवितामा सटिक प्रहार गरिएको छ । देवताका लागि गरिने पूजाअर्चनाबाट असन्तुष्ट बनेको भक्तको निवेदन कवितामा यसरी प्रस्तुत भएको छ :

अबिरले सर्लक्कै रातै बनाइदिएँ
अनेक थरी फूल बर्साइदिएँ
पानीले धोइदिएँ
दुधले नुहाइदिएँ
स्नेहको मखमल वस्त्र ओढाइदिएँ
गाउँका भाले र बोका बलिमा सकाइदिएँ
उहुँ !
ऊ तमासे भई नै रह्यो
मेरो दुःखको पहाड अझै चुलिदै गयो
तब म अचेल देउता देखेर हाँस्न थालेको छु । (पृ.७०)

आखिर देवता भनेको के हो ? लामो समयदेखि यो बहसको विषय बन्दै आएको छ । मन्दिरमा लगी फूल अबिरको वर्षा जति गरे पनि देवताको वास्तविक दर्शन भक्तले पाएको छैन । यति भएर पनि देवताप्रतिको आस्था भने घटेको छैन । ऋण गरीगरीकन दुध किनेर मन्दिरमा चढाए पनि उसले केही प्रतिक्रिया दिँदैन । स्नेहपूर्वक महँगामहँगा वस्त्र किनेर ओढाइदिए पनि मौन छ । यसरी देवताको खास दर्शन पाउनका लागि जतिसुकै कोसिस गरे पनि प्रयास निरर्थक भएकाले मानवतालाई नै ईश्वर हो भन्ने सङ्केत कविले प्रस्तुत गर्न खोजेका छन् । ईश्वरलाई चढाउने लुगा बरु दीनहीन कसैलाई दिए फलदायी हुने श्यामव्यङ्गीय चिन्तन कवितामा झल्किएको छ । खुसी र मुस्कानको खोजीमा मन्दिर गएको भक्त अन्तमा देवताको मौनता देखेर आफैँ खित्का छोड्नुले

ईश्वरीय सत्तामाथि व्यङ्ग्य गरेको छ। देशको भार बोकिरहेको देशभक्तको यथार्थलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

किनारामा उभिएर मैले पनि देश बोकेको छु
छालहरू आउँछन्
बढारेर लैजान्छन् मेरा सपना र संवेदनाहरू
सुसेलीहरू सुसाउदै आउछन्
उडाएर जान्छन् भुवा जस्तै मनका खेत खलियानहरू
नदी भेलहरू जम्मा गरेर क्रान्ति गर्छ
तबाही मच्चाउँछ र बढारेर लैजान्छ
मेरो पेट पाल्ने फाँटहरू
र पनि मैले मेरो देश आँखाहरूमा सजाएको छु
हृदय र श्वासमा सञ्चार गरिरहेको छु। (पृ. १४)

देशको बारेमा चिन्ता गर्ने अधिकार प्रत्येक नागरिकमा अन्तर्निहित छ। बेलाबेला आउने बाढी, पहिरो आदिले उठिबास लगाए पनि त्यही निरीह पात्र देशको भार बोकेर हिँड्न तयार रहन्छ। आफू घरबारविहीन बन्दा पनि देशको घर बनाउन भने जहिले पनि तम्तयार रहने देशभक्त पात्रको कल्पना कवितामा गरिएको छ। समय र परिस्थितिले आफ्नो सपना र संवेदनामाथि पटकपटक खेलिरहे पनि देशको सपना र संवेदनामाथि आफू कहिल्यै खेल्न नसक्ने भनी देशभक्त नागरिकको चिन्तनलाई कवितामा प्रस्ट पारिएको छ। देश हाँक्ने महारथि देशको बारेमा बेवास्ता गर्ने तर सुकुम्बासी जीवन जिउने पात्र भने देश बोकेर हिँड्न तयार रहने सन्दर्भमार्फत कविताले युगीन प्रवृत्तिमाथि श्यामव्यङ्ग्यरूपी वाण बर्साएको छ। कवितामा प्रेम र फूलको तादात्म्य सम्बन्धबाट युगीन असित व्यङ्ग्य प्रस्तुत गरिएको छ :

मैले बिस्तारै थाहा पाउँदै गएँ
फूल त
चितामा पनि चढ्दो रहेछ
प्रेममा लेनदेन हुँदोरहेछ
चुल्ठोमा सजिने रहेछ
यो बजारमा
फूल र प्रेम सँगै विक्री हुँदारहेछन्। (पृ. १०२)

आखिर प्रेम र फूलको सौन्दर्य एकै हुनुपर्नेमा प्रेम र फूल दुवैको व्यापार हुने परिस्थिति निर्माण हुनुले समकालीन युगीन याथार्थलाई प्रतिबिम्बित गर्न खोजेको छ। जसरी फूलहरू फुल्नुमा सुन्दर देखिन्छ, त्यसैगरी प्रेम पनि निश्छल सुवास बोकेर फैलिनुमा समीचिन हुन्छ तर आज जसरी फूलहरू पसलपसलमा बिक्री भइरहेका छन् त्यसैगरी प्रेमको प्रतीक मानिने नारीसौन्दर्य डान्स बारहरूमा, गल्लीगल्लीमा बेचिन विवश छन्। यसरी प्रेम र फूलले आफ्नो खास सौन्दर्यमा बाँच्न नपाएको अवस्थाको चित्रण गर्दै प्रेम र फूल दुवैको सङ्गत पक्षभित्रको असङ्गत पाटो उजागर गर्नुले कवितामा श्यामव्यञ्जना सुललित बन्न पुगेको छ। नेपालको राजधानीको व्यस्त सहर न्युरोडको परिदृश्यमार्फत कवितामा युगीन मानवीय परिस्थितिको उजागर गरिएको छ :

न्युरोड
आउनेहरूको ठेलमठेल भिड छ
जानेको उस्तै छ

यी मान्छेहरू कहाँ जान्छन् होला ?
भिडैभिडको यो थकाइ
आँखाबाट ओझेल नहुन्जेल
बाटोलाई म सोधिबस्छु
एकैछिन बिसाइ मार्नु मन लाग्दैन ?
सज्जन दुर्जन सबैले लात बजारिरहेछन्
आँखा सन्काई योजनाहरू बुनिरहेछन्
बाटोमै उभिएर मान्छेको मोल गरिरहेछन्
एकैछिन बिसाइ मारी सुस्काउनु मन लाग्दैन ? (पृ. ३७)

मान्छेको जीवन दिनानुदिन अस्तव्यस्त बन्दै गएको छ। कुन उद्देश्य लिएर दौडिएको छ यसरी कि कतिपय अवस्थामा ऊ स्वयं अनविज्ञ छ। अमूल्य मानवीय जीवनको पनि मोलमोलाइ गरेर आफैँले आफ्नो अस्तित्वमाथि सङ्कट पैदा गरिरहनुले मानवता धराशायी बन्दै गएको छ। निरन्तर यसरी कुदिरहे तापनि विश्रान्तिको सास फेर्न बिर्सिए जस्तो देखिन्छ। यी दौडाइ, यो अस्तव्यस्तताले समाजलाई गतिशील बनाए जस्तो देखिए पनि खासमा मान्छेको जीवन यान्त्रिक बनिरहेको छ। कविले कवितामा मान्छे यति धेरै यान्त्रिक नबनेर मानवीय प्रेम, शान्ति, विश्रान्तिका लागि समय छुट्याएर जिउनुपर्ने भन्दै कलात्मक तरिकाबाट युगीन सङ्गतभित्रको असङ्गत पक्षलाई श्यामव्यङ्ग्यमयी दृष्टि प्रक्षेपण गरेका छन्।

**स्वैरकाल्पनिक व्यङ्ग्य**

श्यामव्यङ्ग्यलाई सशक्त बनाउनका लागि कवितामा कलात्मक ढङ्गबाट आफ्नो अभिव्यक्ति प्रस्तुत गरिन्छ। बिम्ब र प्रतीकहरूको माध्यमबाट व्यङ्ग्यको प्रस्तुति हुनुले व्यङ्ग्य प्रभावोत्तेजक बन्न पुग्दछ। कवि अमृतले जीवनजगत्बाट टिपिएका विभिन्न काल्पनिक सौन्दर्यको माध्यमद्वारा यस कवितासङ्ग्रहका कवितामा श्यामव्यङ्गीय चमत्कारलाई चमत्कृत बनाएका छन्। बिम्बको माध्यमबाट कवितामा मान्छे र बाटाको अस्तित्वलाई यसरी प्रस्तुत गरिएको छ :

अचेल बाटाहरूमा मान्छेहरू हिँड्दैनन्
दौडिन्छन् मात्र छायाहरू
अचेल देशको बाटामा
तर्सिएका मुर्कट्टा पाइलाहरू मात्रै देखिन्छन्
पुग्नु त उनीहरूलाई आफू जन्मिएको थलोसम्म मात्र हो
तर बाटोभरि शासकले बन्दुक लिएर तर्साउँछ
चोक, चौताराभरि लाठी लिएर अड्डा जमाउँछ। (पृ. ११)

विश्वभरि देखापरेका अनेक त्रासदीहरूले मानवीय अस्तित्व धरापमा छ। मार्गमा नाम मात्रको मानव कुदिरहेको छ। मान्छे हुनुको औचित्य मान्छेले हरेक दिन गुमाउँदै गइरहेको छ। सास फेरेर मात्रै मान्छे जीवन्त हुन्छ भन्न सकिँदैन। मान्छे हिँडिरहेको बाटामा उसको प्रतिबिम्ब मात्र हिँड्नुले मान्छेको पहिचानको रक्षाका लागि अब मान्छे आफैँ जाग्नुपर्ने गम्भीर विचार कविले प्रस्तुत गरेका छन्। विवेक र ज्ञानको खानी मानव पनि बन्दुकसँग तर्सिएर बस्नुपर्ने भएकाले गन्तव्यका हिमालहरू भत्किन पुगेका छन्। बम, बारुद, बन्दुक जस्ता अनेक तर्साउने हतियारसँग जुधेर शन्तिको सास फेर्न पाउनुपर्ने परिस्थितिको निर्माण गर्न मान्छे कहाँ चुक्यो होला ? अब मान्छेले पुनर्मूल्याङ्कन गर्नुपर्ने दिन आएको छ। चोक, चौतारो बाटोघाटो जता गए पनि त्रासले अड्डा जमाइरहेको

समयमा अन्तर्दृष्टि खोलेर मानवीय जीवनको सुरक्षा दिनुपर्छ भन्दै विसङ्गत जीवनप्रति स्वैरकाल्पनिक ढङ्गबाट श्यामव्यङ्ग्यमयी सौन्दर्य कवितामा रङ्गिएको छ ।

साँझको सौन्दर्यलाई प्रतीकात्मक ढङ्गबाट कवितामा यसरी प्रस्ट्याउन खोजिएको छ :

अचेल साँझहरू उदास उदास देख्छु
साँझ उदास हुनु भनेको
क्षितिज नरमाइलो हुनु हो
चराहरू गुँड नफर्कनु हो
प्रेमिल जोडीको बन्धन कच्चा हुनु हो
घरमा दियो नजल्नु हो
देश दुख्नु हो । (पृ.१२)

साँझ भनेको केवल प्राकृतिक प्रक्रिया होइन, यसले प्राणीजगत्को जीवनचक्रको महिमागान गर्छ । साँझपख घरमा अँध्यारो भयो भने पारिवारिक सौन्दर्यमा क्षयीकरण हुन्छ । चराहरू गुँड नफर्किए झैँ कैयौँ अभिभावकहरू आफ्ना सन्ततिका लागि चारो खोज्न गएर त्यतै बेपत्ता भएका छन् । साँझ परेपछि हरेक प्राणी घर फर्किनुपर्ने हो तर त्यही साँझ परेपछि घर छोड्नुपरेका कैयौँ अनुहारहरू हाम्रो समाजमा साक्षी छन् । प्रेमको पर्खाइमा बसेका जोडीहरूको पनि यही साँझले सम्बन्धमा दरार उत्पन्न गराएको छ । समग्रमा भन्नुपर्दा साँझ वास्तविक साँझ जस्तो नहुनुले देशको क्षितिजमा पनि इन्द्रेणी उदाउन सकेको छैन । अतः साँझ एउटा प्राकृतिक प्रक्रिया नभएर समाज, भूगोल, प्रेम, संस्कृति, राज्यव्यवस्था सबैमा अन्तर्सम्बन्धित छ भन्दै कविताले प्रतीकात्मक रूपमा व्यञ्जनात्मक अभिव्यक्तिलाई सशक्त बनाएको छ ।

आकाशको स्वरूपबाट कवितामा यसरी व्यङ्ग्य प्रस्तुत गरिएको छ :

टुक्राटुक्रा जतातते
टेक्ने ठाउँ नपाएर
टुक्राकै छातीमाथि टेकेर
टुक्रिएका आकाशका टुक्रालाई
अन्जुलीभरि उठाएँ मैले र सोधेँ नजिकै टुक्रा टिपिरहेका बालाई
बा, यी टुक्राहरू कहिले आकाश बन्छन् ?
बाले मुस्कुराएर भन्नुभो
टुक्राहरूले आफ्नो अनुहार पाएपछि
टुक्राको आफ्नो भेष बन्छ
जब टुक्राको आफ्नो देश बन्छ
तब टुक्राको देश आकाश बन्छ । (पृ. १३)

जिन्दगी हेर्दा सिङ्गो जस्तो लागे पनि यो आखिर टुक्रैटुक्राको संयोग हो । त्यसो त देश भन्नु पनि कहाँ यतिकै सिङ्गो बनेको हुन्छ र ? स्वाभिमानका, बलिदानका, सपनाका अनेका खण्डहरू मिलेर देश देश जस्तो बन्छ । जब चोइटिएका टुक्रिएका सपनाहरूले सही आकार लिन्छन्, त्यसपछि खन्डहर सपना पनि देश जस्तै सिङ्गो सभ्यता बन्न पुग्दछ । कवितामा टुक्रिएको आकाशको स्वैरकाल्पनिक बिम्बको प्रयोग गरी निरीह मानिसको जीवन पनि देशजस्तै फराकिलो र चम्किलो बन्नसक्ने सत्यको उद्घाटन गरिएको छ । कवितामा टुक्रा शब्दको प्रतीकात्मक प्रयोगद्वारा टुक्रिएको जीवन योग गरी सिङ्गो बनाउन सकिन्छ भनी ध्वन्यात्मक सङ्केत गरिएको छ ।

कवितामा बेपत्ता भएको मानवीय परिस्थिति र चेतनाको यसरी पक्षपोषण गरिएको छ :

कहाँसम्म पुग्नु छ यो बाटो
बिर्सिएर बाटो
यात्रुलाई अलमल पारिरहन्छन्
एउटा बतास खै के सुनाएर जान्छ
हुलहरू कान नछामी उतै कुदिरहन्छन्
प्रत्येका मोड र कुइनेटामा
समयले जाल बोकेर उभिएको कुरा
बिचरा हामी माछा बनेकाहरूलाई पत्तै हुँदैन । (पृ. ६६)

पथप्रदर्शकहरू नै पथ कुन सही वा गलत हो भनी अलमलमा छन् । अलमलिएको समयको सही व्यवस्थापन हुन नसक्दा माछा झैँ जालमा मान्छेको दैनन्दिनी फसिरहेको छ । चुरो कुरो के हो भनेर नबुझीकन यत्तिकै कुदिरहने भएपछि मान्छेको मानसिक कसरत शिथिल बन्नपुगेको छ । यसरी स्वैरकाल्पनिक सौन्दर्यद्वारा आफ्नै आँखासामु आफ्नो चेतना र विवेक गुमाउन विवश मानवीय परिस्थितिप्रति कविताले श्यामव्यञ्जनाधर्मी झटारो हानेको छ ।

कवितामा सपना र विपनाको स्वरूपबाट सामाजिक संरचनामाथि गम्भीर प्रहार गरिएको छ :

सपनाहरू हतार गरेर आउँदैनन्
किस्तामा किस्तामा
महिनौँ लगाएर
बिस्तारै बिस्तारै
उकालो ओरालो गरेर
जब आइपुग्छन् सपनाहरू
तब झस्काउँछन्
आफ्नै समयसँग बगिरहेका
अर्धनिद्रित विपनाहरूलाई
त्यसबखत पुरै सपनाहरूलाई च्यातेर
चिच्याउनु पर्छ
कहालीलाग्दो विपना । (पृ.८५)

समस्त मानवजाति सपनाप्राप्तिका लागि प्रयासरत छ । सपनाहरू जब विपनाका नजिक पुग्दछन् अवरोधका शृङ्खला झन् बढ्दै जान्छन् । जति पनि देखिन्छन् सुन्दर सपनाहरू ती सबै विपनामा परिणत हुन सक्दैनन् र विपनाको यथार्थलाई नै सपना सम्झिनुपर्ने अवस्थाको निर्माण हुन पुग्दछ । जे प्राप्तिका लागि सङ्घर्ष गरे पनि उपलब्धिका पाइलाहरू फगत बनेपछि कहालीलाग्दो यथार्थकै मात्र भोग गर्नुपर्ने सङ्कटपूर्ण घडीको साक्षी जीवन बन्न पुग्दछ । जीवनका यिनै सपना र विपनाको खाडललाई माथिको साक्ष्यले सम्बोधन गरी श्यामव्यञ्जनात्मक भाव प्रस्तुत गरिएको छ ।

मान्छेको विद्रूप चरित्रलाई कवितामा यसरी उतारिएको छ :

यो देशको फूलबारीमा
मान्छे मान्छे हारालुछ गरिरहेछ
छुत अछुतको रेखा कोरिरहेछ
मान्छे मान्छेबिच विभेद देख्ने मान्छेले
मलाई कसरी समान देख्न सकोस्
म त त्यही मान्छेले बनाएको

सभ्फा फूलबारी हुँ । (पृ. ४७)

ज्ञानविज्ञानको चेतनाको धनी भएर पनि मान्छेको प्रवृत्ति दानवीय बन्न पुगेकाले समाजको अवस्था निकै धराशायी बन्दै गएको छ । मान्छेले आखिर मान्छेकै अनुहार कुरूप बनाइरहेछ । समाजमा भएगरेका सारा विभेदहरू अन्त्य गरेर समतामूलक समाज निर्माण गर्नुपर्ने ठाउँमा झनै छुत-अछुत, सानो-ठुलोको नाउँमा विभेकारी नीतिको पक्षपोषक स्वयं मान्छे बन्दै गएको छ । असमानताको खोल ओढेर बसेको मान्छेले समानताको गीत कसरी गाउन सक्छ र ? तर फूलबारी भने साझा सम्पत्ति हो । फूलबारी जस्तै देश पनि साझा वैभव हो । मान्छे मान्छेमा विभेद देख्ने दृष्टिले देशको अस्तित्वमा विभेदको पर्खाल उभ्याउन खोज्छ । तर मान्छे आफू जतिसुकै गिरे पनि देशले भने कहिल्यै पनि प्राणीजगत्मा असमान व्यवहार गर्दैन । मान्छे जस्तो सचेत प्राणी भने अचेत जस्तो बन्ने तर देश भने सबैमा समान व्यवहार गर्ने भएकाले मान्छे पनि देश जस्तै साम्यवादी बनोस् भनी कविताले मान्छेको विद्रूप चरित्र खोतल्दै बिम्बात्मक लालित्यबाट श्यामव्यङ्ग्यको ज्योति छरिएको छ ।

प्रेमिल अनुभूतिबाट पनि कवितामा शालीन व्यञ्जनालाई पश्रय दिइएको छ :

यी आँखाहरूमा भ्रम पालेर
तिमीसँगै डुबें
तिमीसँगै उत्रें ।
सोचेथें,
हाम्रा हिँडाइहरू कोमल हुनेछन्
मधुर लयमा गुन्जिनेछन्
खुसीहरू झाङ्गिनेछन्
तर
ती सबै बाङ्गाटिङ्गा बाटाहरू रहेछन्
उसो त जीवन पनि बाङ्गा धर्साहरूले बनेको मूलबाटो लाग्छ
अचेल मलाई
बाङ्गा धर्साहरूले नै सही बाटामा चल्न सिकाएका छन् । (पृ. ५६)

प्रेमको नदीमा डुबुल्किएको प्रेमीले प्रेममा पनि भ्रम पालेर बाचिरहेको हुन्छ । जब उसले भ्रम र सत्यबिचको खास दूरी पत्ता लगाउछ जीवनको मर्म बुझ्न थाल्दछ । त्यसो त वर्तमान समयमा प्रेम पनि आफ्नो मार्गबाट विचलित छ । कोमल अनुभूतिको लगाम पक्रेर हिँड्दा पनि जीवन बेलगाम बन्दै गरेको प्रेमको विद्रूपीकरण कविताको कलात्मक अभिव्यञ्जना हो । सरल र सिधा मार्गमा गरिएको यात्राबाट नै गन्तव्य विचलित भएपछि वक्रतापूर्ण मार्ग नै जीवनको परिचायक बन्ने श्यामव्यङ्गीय दृष्टिकोण कविताको मूल मर्म हो ।

प्रेमको मादकतालाई बिम्ब-प्रतिबिम्बात्मक सौन्दर्यबाट कवितामा यसरी प्रस्तुत गरिएको छ :

एउटै बाटो भएर नदी बहनु
उस्तो प्रिय लाग्दैन
पहाडमा बादलको फूल फुल्नु
झरी तिम्रो शरीरभरि कुद्नु
बिथोलिएर मन भुवाझैं उड्नु
यी सब लय रचना गर्नलाई
लयहीन समय नै प्रिय लाग्छ । (पृ. १०७)

यस साक्ष्यमा एउटै बाटो भएर नदी बगेको प्रिय नलाग्नुले पिरतीको जालमा नपरी यत्तिकै कुदिरहनुभन्दा प्रेमी र प्रेमिकाको बिचमा प्रेममय जीवन बिताउनुपर्ने अपेक्षा गरिएको छ, पहाडमा बादलको फूल फुल्नु र झरी शरीरभरि कुद्नुले रतिरागमा रमाउन पाउने वातावरणको कामना गरिएको छ, लयहीन समय प्रिय लाग्नुले समाजका केही नीतिनियम नाघेर पनि जीवन प्रेममय बनाउनुपर्ने चाहना गरिएको छ। यसरी हेर्दा प्रेमिल विभिन्न छटालाई प्रस्तुत गर्दै कवितामा स्वैरकाल्पनिक बिम्बप्रतीकमार्फत श्यामव्यङ्ग्यको चातुर्य प्रभावकारी बनेको देखिन्छ।

## निष्कर्ष

अस्तत्ववादी-विसङ्गतिवादी, अतियथार्थवादी चिन्तन र चित्रकलासँग निकट रहे पनि साहित्यमा श्यामव्यङ्ग्यको छुट्टै महत्त्व रहेको छ। पाश्चात्य साहित्यमा विशेषतः आख्यान र नाटकमा बढी प्रयोग गरिने श्यामव्यङ्ग्य कवितामा पनि पछिल्लो समयमा सशक्त बन्दै गएको तथ्यमा यस सङ्ग्रहका कविता साक्षी बनेका छन्। समाजमा भएगरेका आरोह-अवरोह, सुख-दुःख, आशा-निराशा आदिको कलात्मक संयोजन गरी युगले भोगेका विभिन्न भोगाइहरूको प्रकटीकरण गर्ने क्रममा कवितालाई सशक्त बनाउनका लागि बिम्ब, प्रतिबिम्बको सहायता लिई श्यामव्यङ्ग्यको सौन्दर्यलाई कवितामा परिपुष्ट बनाइएको छ। कवि अमृतद्वारा लिखित *एकान्त भिड* कवितासङ्ग्रहका कविता समकालीन समाजले भोगिरहेका सङ्गत, असङ्गत पक्षहरूका विभिन्न पाटाहरूमा केन्द्रित रहेको छ। कतै बेरोजगार उत्पादन गर्ने कारखाना जस्तो बनेको आजको शिक्षाप्रणलीमा जति पढे पनि देशमा खास भविष्य नदेखेर विदेश जान बाध्य जनशक्तिको अन्तर्पीडामार्फत यस कृतिका कविताहरू श्यामव्यङ्गीय लालित्यमा सजिन पुगेका छन् भने कतै जनताले लामो समय गरेको आत्मबलिदानको कुनै महत्त्व नभएका अवस्थाको चित्रण गर्ने सन्दर्भमा कविले यथार्थको धरातलबाट काल्पनिक सौन्दर्य प्रस्तुत गर्दै तमोव्यङ्यात्मक अभिव्यक्तिलाई प्रश्रय दिएका छन्। सत्ताको स्वाद चाखेपछि आफ्ना समस्त वाचाहरूलाई तिलाञ्जलि दिने प्रवृत्तिप्रति कविताको कटाक्ष प्रभावकारी देखिन्छ। प्रेमानुभूतिका लालित्यमा पनि कविताहरू वक्रपूर्ण बन्दै श्यामव्यञ्जात्मक सौन्दर्यको परिपोषक बनेका छन्। अतः अमृतद्वारा लिखित यस कवितासङ्ग्रहका कविताहरू श्यामव्यङ्ग्यात्मक दृष्टिकोणबाट सफल देखिन्छन्।

## सन्दर्भ सामग्रीसूची


अमृत (२०७८). *एकान्तमा भिड.* काठमाडौँ : इन्डिको इन्क प्रा. लि.।

आचार्य, व्रतराज (२०७८). *आधुनिक नेपाली नाटक.* ललितपुर : साझा प्रकाशन।

लुइटेल, खग्रेन्द्र. (२०५७). *आधुनिक नेपाली समालोचना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

सत्याल, सुदेश (सन् २०२२). 'स्वप्नदोष कवितामा श्यामव्यङ्ग्य'. *अनुसन्धान वाटिका.* १२ (३७)।